२०६५ असोज १२

**प्रेस विज्ञप्ति**

यही २०६५ साल असोज १० गते राजधानीको कमलादीस्थित होटेल रोयल सिंगीमा जलस्रोत विकास संस्थाद्वारा आयोजित पश्चिम सेतीसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालका संयोजक तथा पश्चिम सेती जलविद्युत आयोजना प्रभावित क्षेत्रका बासिन्दा रतन भण्डारी बोल्ने क्रममा उहाँमाथि प्रभावित बासिन्दाको नामधारी एउटा सानो जत्थाले सुनियोजितरुपमा गर्न खोजेको भौतिक आक्रमणको दुस्प्रयासप्रति यो महासंघ घोरभर्त्सना गर्दै उक्त घटनालाई यस महासंघले गम्भीर एवं अर्थपूर्णरुपमा लिएको छ ।

कार्यक्रमका वक्ताहरूमध्ये स्मेकका तर्फबाट कार्यपत्र प्रस्तोता विल बुल्टिच्यूटको कार्यपत्रमाथि टिप्पणीका क्रममा भण्डारीले आयोजना प्रभावित एवं डुवान बझाङ, बैतडी, डोटी तथा डडेल्धुरामा पर्याप्त र सहभागितामूलक सार्वजनिक सुनुवाइ हुन नसकेको तर वास्तविक पीडितप्रभावित जनतालाई बेवास्ता गर्दै धनगढी- महेन्द्रनगरका सुविधासम्पन्न होटेल तथा राजधानीका तारे होटेलमा गोष्ठी हुने गरेको भन्दै परामर्शसम्बन्धी स्मेकद्वारा वितरित सामग्रीप्रति प्रश्न उठाउँदा स्थानीय-राष्ट्रियहित भन्दा पनि आयोजना 'जसरी भएपनि' बन्नुपर्छ भन्दै आएको उक्त जत्थाले भण्डारीलाई स्थानीय बासिन्दा नै नभएको झूटो दाबीसहित अपशब्द प्रयोग गर्दै आक्रमणको दुस्प्रयास गरेको थियो । भण्डारीले उठाइरहेका सबै प्रश्नहरू स्मेकका प्रतिनिधि विल वुल्टिच्यूटसँग सम्बन्धित भएपनि त्यसको प्रतिवाद भने उक्त जत्थाले गरेको थियो । जुन घटना आफैंमा रहस्यमय छ । भण्डारीले यस्ता आवाज उठाइरहे भविष्यमा समेत थप आक्रमणसहित ज्यानमाथि नै खतरा हुन सक्ने र त्यसका लागि महासंघको कार्यालय रहेको ठाउँसमेत थाहा भएको धम्की उक्त जत्थाले कार्यक्रम सकिएपछि पनि दिइरहेको थियो । स्मरणीय छ, शुरुदेखि नै स्थानीय जनताका आवाजलाई पूर्णरुपमा बेवास्ता हुँदै आएको अवस्थामा स्थानीयस्तरमा पश्चिम सेतीको विरोध हुँदै आएको छ ।

राष्ट्र, राष्ट्रियता र स्थानीय जनताका हकहितका लागि निरन्तर अभियानरत यो महासंघ यस्ता कुनै पनि धम्कीपूर्ण अभिव्यक्तिसित नडराउने तथा नेपालको जलसम्पदाको रक्षार्थ र त्यसको उपभोग आम नेपाली नागरिकका पक्षमा हुनुपर्ने अभियानसहित स्थानीय एवं जनस्तरमा थप आन्दोलनसहित अघि बढ्ने दृढतासमेत व्यक्त गर्दछ ।

रामचन्द्र चटौत
अध्यक्ष